# विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि–२०७६

**प्रस्तावना :** नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको सङ्घीय संरचनाअनुसारको तीन तहको सरकार निर्माणको क्रममा भएका निर्वाचनपश्चात् स्थानीय सरकारको गठन भइ हाल एक स्वायत्त सरकारको रूपमा क्रियाशील रहेको छ। नेपालको वर्तमान संविधानको अनुसूची-८ मा स्थानीय सरकारले गर्न सक्ने काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। उक्त अनुसूचीमा भएको व्यवस्था अनुसार कक्षा १२ सम्मको विद्यालय शिक्षाको सम्पूर्ण व्यवस्थापन तथा सञ्चालन एवम् नियमनको पूर्ण अधिकार स्थानीय सरकारलाई रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा - २ (ज) मा स्थानीय सरकारले शिक्षा सम्बन्धी गर्न सक्ने २३ वटा अधिकारहरू उल्लेख भएका छन् जसमा सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन, सञ्चालन तथा नियमनका पक्षहरू उल्लेख भएका छन्। वर्तमान परिवर्तित सन्दर्ममा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनका लागि यस मन्थली नगर पालिकाले यो कार्यविधि बनाएको छ।

**परिच्छेद – १**

**प्रारम्भिक :**

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७६ रहेको छ।

२. **यो कार्यविधि नगरपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।**

३. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, क) 'शिक्षा ऐन' भन्नाले शिक्षा ऐन, २०२८ (संशोधनसहित) र मन्थली नगर पालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन,२०७५ भन्ने सम्झनु पर्दछ र शिक्षा नियमावली भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) भन्ने सम्झनु पर्दछ।

ख) 'विद्यालय व्यवस्थापन समिति' भन्नाले सामुदायिक विद्यालयमा विद्यालयको सञ्चालन, व्यवस्थापन तथा रेख देखका लागि शिक्षा ऐन, २०२८ को दफा १२ तथा मन्थली नगरपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५ को दफा २० बमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

ग) 'अधिकृत' भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको शिक्षा अधिकृत सम्झनु पर्दछ।

घ) 'वडाको प्रतिनिधि' भन्नाले विद्यालय रहेको सम्बन्धित वडाको वडा सचिव सम्झनु पर्दछ।

ङ) 'अभिभावक' भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु वा आमा वा बाजे वा बज्यै सम्झनु पर्दछ।

च) 'विद्यालय व्यवस्थापन समिति गठन सहयोग समिति' भन्नाले यस कार्यविधि बमोजिम सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन गर्नका लागि

बनेको समिति भन्ने बुझ्नु पर्दछ।

छ) 'मतदान अधिकृत' भन्नाले विद्यालय व्यवस्थापन गठन सहयोग समितिले छनोट गरेको मतदान अधिकृत सम्झनु पर्दछ।

## परिच्छेद-२
## विद्यालय व्यवस्थापन समिति गठन सहयोग समिति

४. **सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनका लागि अभिभावकहरू मध्येबाट २ जना महिलासहित ४ जना सदस्य छनोटका लागि देहाय बमोजिमको एक सहयोग समिति रहने छ।**

क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी — संयोजक

ख) सम्बन्धित वडामा रहेको उच्चतम् तहको विद्यालयको प्रधानाध्यापक — सदस्य

ग) सम्बन्धित वडाको प्रतिनिधि — सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य-सचिव
(उच्चतम् तहको विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्दा सोही वडाको दोस्रो उच्चतम् विद्यालयको प्रधानाध्यापक सदस्यमा रहने।)

## परिच्छेद-३
## सहयोग समितिका कार्यहरू

५. **विद्यालय व्यवस्थापन समिति गठन सहयोग समितिले सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा अभिभावकहरू मध्येबाट २ जना महिलासहित ४ जना सदस्य छनोटका लागि निम्न बमोजिमका कार्यहरू गर्नेछ :**

क) विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त हुनु ३० दिन अगावै विद्यालयले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी अभिभावकको भेलाको लागि मिति तोकेर सूचना जारी गरेपश्चात् अभिभावक भेला हुनुभन्दा ३ दिन अगावै बैठकबसी अभिभावकहरूको नामावली प्रकाशन गर्ने र विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाको बारेमा सम्बन्धित वडा समितिलाई समेत जानकारी गराउने एवम् समन्वय गर्ने।

ख) अभिभावक भेलाको दिन समितिका सदस्यहरूले अभिभावकहरूको छलफलका लागि सहजीकरण गर्ने।

ग) विद्यालयमा सबै अभिभावकहरूको सहमतिमा अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिमा कम्तिमा २ जना महिलासहित ४ जना सदस्य छनोट गर्न बढीमा तीन दिनको समय उपलब्ध गराउने।

घ) उक्त समयभित्र सहमति हुन नसकेमा अभिभावकहरू मध्येबाट २ जना महिलासहित ४ जना सदस्यको छनोटका लागि अभिभावकहरू मतदाता रहने गरी ५ दिनभित्र निर्वाचन सम्पन्न हुनेगरी प्रक्रिया अगाडि बढाउने।

ङ)	निर्वाचन सम्पन्न गराउन विद्यालय व्यवस्थापन समिति गठन सहयोग समितिले एकजना मतदान अधिकृत, एकजना सहायक मतदान अधिकृत र आवश्यक संख्यामा सहायक कर्मचारीहरू तोक्ने छ।

च)	निर्वाचन प्रक्रियाका लागि निर्वाचनको मिति तोकी निर्वाचन शुरू हुनुभन्दा ३ दिन अगाडि मतदाता नामावलीको सूची प्रकाशित गर्ने र सो नामावली दावी विरोध गर्नका लागि ४ घन्टाको समय दिने र उक्त समयपश्चात् अन्तिम नामावली प्रकाशन गर्ने ।

छ)	निर्वाचन हुनुभन्दा २ दिन अगावै अन्तिम नामावली मध्येबाट कम्तिमा २ जना महिलासहित ४ जना सदस्यको निर्वाचनका लागि २ घन्टाको समयभित्र उमेदवारी माग गर्ने र उमेदवारीको नामावली प्रकाशित गर्ने र उमेदवारको नामावलीमा दावी विरोध गर्न १ घन्टाको समय दिने ।

ज)	उक्त समय सकिएपछि उमेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उमेदवारहरूलाई चुनाव चिन्ह प्रदान गर्ने ।

झ)	निर्वाचनका दिन बिहान ८ बजेबाट अपरान्ह ५ बजेसम्म मतदान सञ्चालन गर्ने ।

ञ)	निर्वाचन सम्पन्न भएपश्चात् मत गणना शुरू गर्ने ।

ट)	खसेको मतमध्ये क्रमशः सबैभन्दा बढी मत ल्याउने २ जना महिला र २ जना पुरूष निर्विचत हुनेछन् । मतदान अधिकृतले निर्वाचित सदस्यहरूको नामावली घोषणा गर्नेछन् र सोपश्चात् विद्यालय व्यवस्थापन सहयोग समितिको बैठकले सो चारजना सदस्य निर्वाचित भएको प्रमाणित गरी विद्यालयलाई बुझाउने छ।

## परिच्छेद-४
## विविध

६.	**कारबाहीको भागिदार हुने** : यस कार्यविधिअनुसार विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको छनोटका लागि भएको निर्वाचनमा हुलहुज्जत गर्ने वा निर्वाचन बिथोल्ने कुनै पनि कार्य गर्ने गराउने व्यक्ति वा समूह कानुनबमोजिम कारबाहीको भागिदार हुनेछ।

७.	**सहयोग गर्नु पर्ने** : यस कार्यविधि अनुसार सामुदायिक विद्यालयमा सहमतिको आधारमा वा निर्वाचनबाट विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको छनोट प्रक्रियामा आवश्यक सहयोग गर्नु सबै अभिभावकहरूको कर्तव्य हुनेछ।

८.	**व्याख्या गर्ने अधिकार** : यस कार्यविधिमा भएको कुनै पनि व्यवस्था अस्पष्ट भई व्याख्या गर्नु पर्ने भएमा नगर कार्यपालिकाले अन्तिम व्याख्या गर्नेछ।

९.	**बाधा अड्काउ फुकाउने** : यो कार्य विधिको कार्यान्वयनमा कुनै बाधा आएमा नगर कार्य पालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१०.	**बचाउ र खारेजी** : यस कार्यविधि स्वीकृत हुनु अगाडि यस नगर पालिकाबाट गठन भएका सामुदायिक विद्यालय व्यवस्थापन समिति यसै कार्यविधिबमोजिम गठन भए सरह मानिने छ।